### 1-4 नगरपालिका आवास, निर्दिष्ट सार्वजनिक भाडा आवास （市営住宅、特定公共賃貸住宅）

**【निवासी भर्ती 】** （入居者募集）

प्रत्येक वर्षको मे, अक्टोबर र नोभेम्बरमा भर्ती खुल्ला गरिन्छ। विस्तृत विवरण सार्वजनिक समाचारपत्र साकाइमा प्रकाशित गरिनेछ ।

सोधपुछ मे र अक्टोबरमा भर्तीको लागि साकाइ नगरपालिका आवास व्यवस्थापन सेन्टर

☎072-228-8225 फ्याक्स 072-228-8223

नोभेम्बरमा भर्तीको लागि ज्युताकु खाईरियोउ-खा ☎072-228-8113 फ्याक्स 072-228-8034

प्रिफेक्चरल आवासको बारेमा ओसाका-फु कोकुसाई कोउरिउ जाईदानको「III. जीवनयापन र बसोबास」को पेजमा हेर्नुहोस् ।

### 1-5 सिटि कर （市税）

【व्यक्तिगत सिटि・प्रिफेक्चरल कर (निवासी कर)】 （個人市・府民税（住民税））

प्रत्येक वर्षको जनवरी 1तारिख, वडा भित्र बस्नुहुने व्यक्तिहरू र वडा भित्र कार्यालय आदि भएको व्यक्तिहरूले कृपया कर तिर्नुहोस् ।

・साधारण सङ्कलन : अघिल्लो वर्ष आय भएका व्यक्तिहरूले मार्च 15तारिख सम्ममा नगरपालिका कर फिर्ता आवेदन दिनुहोस्। त्यसपछि, तपाईलाई कर भुक्तानी सूचना पठाइने छ, कृपया कर तिर्नुहोस् ।

सोधपुछ सिटि कर कार्यालय, नगरपालिका कर शाखा(तपाई बस्नु हुने वडाको नम्बरमा फोन गर्नुहोस्)

| सिटि कर कार्यालय 〒591-8037 किता-कु मोजु आखाहाताच्यो 1-3-1 | | |
|---|---|---|
| नगरपालिका कर शाखा | साकाइ-कु・निसी-कु | ☎072-231-9751<br>फ्याक्स 072-251-5632 |
| | नाका-कु・मिनामी-कु | ☎072-231-9752<br>फ्याक्स 072-251-5632 |
| | किता-कु・हिगासी-कु・मिहरा-कु | ☎072-231-9753<br>फ्याक्स 072-251-5632 |

・विशेष सङ्कलन : तलब आय भएका व्यक्तिहरूलाई उनीहरूको मासिक तलबबाट कटौती गरिन्छ।

## 2. विवाह गर्ने बेलामा / सम्बन्धविच्छेद गर्ने बेलामा （結婚するとき/離婚するとき）

ओसाका-फु कोकुसाई कोउरिउ जाईदानको「IV. निवास व्यवस्थापन प्रणाली, बिदेशी नागरिक रेजिस्टर प्रणाली, विवाह / सम्बन्धविच्छेद」को पेजमा हेर्नुहोस् ।

## 3. बच्चा जन्माउँदा र हुर्काउने बेलामा （子どもを産んで育てるとき）

### 3-1 गर्भवती हुनु भएमा （妊娠したら）

**【मातृ र बाल स्वास्थ्य पुस्तिका(बोउसी केन्कोउ तेच्यो) र चिकित्सा जाँच परामर्श फारम हिज्जे】**
（母子健康手帳と健診受診票つづり）

तपाई बस्नु हुने वडाको स्वास्थ्य केन्द्र (पेज16, 17)मा जानु भई「गर्भावस्था सूचना फारम」पेश गर्नुहोस् । मातृ र बाल स्वास्थ्य पुस्तिका र चिकित्सा जाँच परामर्श फारम हिज्जे(साकाइ-सिटिले 14पटक सम्मको लागि तोकिएको सामग्रीको परामर्श खर्च व्यहोर्ने छ)अवश्य प्राप्त गर्नुहोस्।

अस्पताल र स्वास्थ्य केन्द्रमा जाने बेलामा लिएर जानुहोस्। आमा र बच्चाको स्वास्थ्य अवस्थाको रेकर्ड राखिनेछ।

मातृ र बाल स्वास्थ्य पुस्तिका 10भाषाहरू(अंग्रेजी, द.कोरियन・उ.कोरियन, चिनियाँ, स्पेनिश, पोर्तुगाली, भियतनामी, थाई, तागालोग, इन्डोनेसियाली, नेपाली भाषा)मा उपलब्ध छन् ।

**【 गर्भावस्था कक्षा 】** （妊婦教室）

स्वास्थ्य केन्द्रमा गरिन्छ ।

गर्भावस्थाको समयमा कसरी जीवन बिताउने, बच्चा जन्माउने तयारी, बच्चा हुर्काउने, पोषण र दाँतको बारेमा विशेषज्ञको कर्मचारीद्वारा कुराहरू सुन्न सक्नुहुन्छ।

बुवाहरू पनि सहभागी हुन सक्छन् ।

सोधपुछ स्वास्थ्य केन्द्र (पेज16, 17)